REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs      Date: **08.09**.2024

**मुख्यमन्त्री तीज**

सत्तारुढ़ दल सिक्किम क्रान्तिकारी मोर्चाको नारी शक्तिद्वारा आयोजित राज्यस्तरीय तीज उत्सव आज पूर्व सिक्किम पाकिम जिल्लाको रानीपुल नजिक सरमसा गार्डनमा विभिन्न कार्यक्रमसहित सम्पन्न भयो। कार्यक्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथि रहनुभएको थियो।

कार्यक्रमको मुख्य आकर्षण अन्तर समष्टि सामूहिक नृत्य प्रतियोगिता रहेको थियो। राज्यका प्रत्येक जिल्लाबाट पहिले नै प्रतियोगिता मार्फत चुनिएका 6 वटा समष्टिले आजको चुड़ान्त प्रतियोगितामा भाग लिएका थिए, जसमा मंगन जिल्लाको जङ्गु समष्टि प्रथम बन्यो भने गान्तोक जिल्लाको स्यारी दोस्रो अनि गेजिङ जिल्लाको याङ्गथाङ समष्टी तेस्रो बन्यो। विजय हुने प्रथम, दोस्रो अनि तेस्रो समष्टिलाई क्रमैले 10 लाख, 7 लाख अनि 5 लाख रुपियाँ नगद पुरस्कार प्रदान गरियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री श्री प्रेमसिहं तामाङले यस वर्षको तीज पर्व गत 6 सितम्बरमा परेको तर त्यस दिन आमा चेलीहरू आ-आफ्नो घरमा पर्व मनाउन व्यस्त रहने भएकाले  यस राज्यस्तरीय तीज उत्सवलाई आज आयोजना गरिएको बताउनुभयो। एसकेएम पार्टीको नारी शक्तिले यो पर्व आयोजना गर्नुको उद्देश्य राज्यमा साम्प्रदायिक सद्भावनालाई बड़ावा दिनु रहेको पनि उहाँले थप बताउनुभयो। अर्कोतिर राज्य सरकारको नीति पनि राज्यका सबै जात अनि धर्मिक समुदायलाई एउटै साझा मञ्चमा ल्याएर साम्प्रदायिक सद्भावना कायम राख्ने रहेको पनि मुख्यमन्त्रीले बताउनुभयो। आफ्नो सम्बोधनमा मुख्यमन्त्री श्री तामाङले वर्तमान राज्य सरकारले नारीहरूको हितमा गरेका विभिन्न कार्यहरूबारे पनि संक्षिप्तमा जानकारी गराउनुभयो। यसका साथै आफ्नो सरकारकालमा एकजना नारी मुख्य सचिव बनुन् भन्ने आफ्नो चाहना रहेको उहाँले बताउनुभयो। आजको कार्यक्रममा एसकेएम नारी शक्तिद्वारा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ साथै राज्यकी प्रथम विधानसभा अध्यक्ष तथा पूर्व मन्त्री श्रीमती कलावति सुब्बा र यस वर्षको राष्ट्रीय शिक्षक पुरस्कार प्रापक श्रीमती याङ्किला लामालाई पनि अभिनन्दन जनाइएको थियो।

**विश्व फिजियोथेरापी दिवस**

आज **विश्व फिजियोथेरापी दिवस** हो। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले विश्व फिजियोथेरापी दिवसको अवसरमा फिजियोथेरापिस्टहरूको अमूल्य योगदानलाई सम्मान गर्दै सबै फिजियोथेरापिस्टहरूलाई यस दिवसको बधाई एवं शुभकामना दिनुभएको छ।

**वन विभाग, सिक्किम**

सिक्किम पर्यावरण सूचना, जागरूकता, क्षमता निर्माण र जीविकोपार्जन कार्यक्रम EIACP -लाई वन मन्त्रालयले क्षेत्रीय श्रेणी पुरस्कारमा पूर्वोत्तर क्षेत्रको सर्वश्रेष्ठ राज्य EIACP केन्द्रको रूपमा सम्मानित गरेको छ। भारत सरकारको जलवायु परिवर्तन मन्त्रालयद्वारा हिजो नयाँ दिल्लीमा आयोजित अखिल भारतीय EIACP संयोजकहरूको बैठकमा यो सम्मान प्रदान गरिएको हो । यो पुरस्कार सिक्किम सरकार अनि वन विभागले बेरोजगार युवाहरूको हरित कौशलता, विद्यालय छोडेर जीविकोपार्जन गतिविधिहरूमा

संलग्न रहेका मौरीपालक, बाँसका शिल्पी, सौर्य ऊर्जा प्रणाली र वनाग्नि व्यवस्थापन मार्फत दिगो जीवन शैलीलाई प्रोत्साहन गर्नको लागि गरिएका संयुक्त प्रयासहरूको प्रमाण रहेको बताइएको छ। सिक्किम EIACP हबले गान्तोकको देवरालीमा पहिलो EIACP ग्रीन स्किलिङ मार्केटिङ आउटलेटको पनि स्थापना गर्ने भएको छ जहाँ अहिलेसम्म भर्ना भएका 400 भन्दा बढी हरित कुशल उत्पादकहरूको उत्पादनको बजारीकरण गरिनेछ।

**बेटी बचाओ बेटी पढाओ**

बेटी बचाओ बेटी पढाओ पहलको मूल मन्त्रको पालना गर्दै, अन्तर्राष्ट्रिय साक्षरता दिवस 2024 नर्थ सिक्किम अकादेमी NSA-मा 'बालिकाहरुको शिक्षामा केन्द्रित पारस्परिक समझदारी र शान्तिका लागि बहुभाषिक साक्षरता प्रवर्द्धन" भन्ने नाराका साथ पालन गरियो। यस कार्यक्रमले साक्षर, शान्त र समावेशी समाज निर्माण गर्न बालिकाको शिक्षालाई महत्वपूर्ण तत्वको रूपमा प्रवर्द्धन गर्नुपर्ने आवश्यकतालाई जोड दिएको थियो। कार्यक्रमको सुरुवात चेतनामूलक सत्रबाट भएको थियो जहाँ वक्ताहरूले बेटी बचाओ बेटी पढाओ अनुसार बालिकाहरूलाई शिक्षित गराउनुको महत्त्वमा बल दिइएको थियो।